कामना सेवा विकास बैंक लिमिटेड

अचल सम्पत्ति (घर/जग्गा) खरिद गर्ने बारे ।

गोप्य सिलबन्दी बोलपत्र फारम

बोलपत्र फारम मूल्यः - रु १,०००.०० (अक्षरेपी एक हजार मात्र)
(पछि फिर्ता नहुने गरी)

बोलपत्र फारम यस आवरण पृष्ठ समेत जम्मा ४ पेजको रहेको छ ।

मिति : २०७८/    /

श्री कामना सेवा विकास बैंक लिमिटेड

केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं

बिषय : गोप्य सिलबन्दी बोलपत्र पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकबाट मिति २०७८/०८/०५ गतेका दिनमा आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित धितो सुरक्षणमा रहेको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि १५(पन्ध्र) दिने लिलाम बिक्रिको सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरे अनुसार तपसिलमा उल्लेखित सम्पत्तिहरु (घर/जग्गा) रु................................................................... अक्षरेपी(.................................................................................................................................................. मात्र) मा लिलाम मार्फत खरिद/सकार गरिलिने इच्छा भएकोले उक्त कबोल रकमको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम रु.................................................................... अक्षरेपी (.................................................................................................................... मात्र) त्यस बैंकमा रहेको टेण्डर मार्जिन (अक्सन) को खाता मा धरौटी वापत नगदै/...............................................................को Good for Payment Cheque जम्मा गरी सो को भौचरको सक्कल प्रति एवं नागरिकता प्रमाण-पत्रको प्रतिलिपि/ ...............................................................समेत यसै बोलपत्र साथ संलग्न गरी यो गोप्य सिलबन्दी बोलपत्र पेश गरेको छु । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी शर्त बन्देजहरु एवं प्रचलित ऐन कानून तथा त्यस बैंकको सम्पूर्ण नियमहरु पालना गर्न म पूर्ण रुपमा मञ्जूरी व्यक्त गर्दछु ।

## तपसिल

**१. लिलाम बढाबढ मार्फत खरिद गरिलिन चाहेको सम्पत्ति (घर/जग्गा) हरु को विवरण :**

(क) मालपोत कार्यालय ............................................................................................... मा देहाय बमोजिमका व्यक्तिहरुको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि/व.मि./रो) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) मालपोत कार्यालय ............................................................................................... मा देहाय बमोजिमका व्यक्तिहरुको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि/व.मि./रो) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

<u>बोलपत्र पेश गर्नेको :</u>

दस्तखत :......................

व्यक्ति/फर्म/कम्पनीको नाम :

ठेगाना :

हालको ठेगाना :

प्रोप्राईटर/अख्यिार प्राप्त व्यक्ति :

नागरिकता प्रमाण पत्र नं./दर्ता नं. :

नागरिकता जारी गर्ने कार्यालय/दर्ता कार्यालय :

नागरिकता जारी भएको मिति/दर्ता मिति :

फोन/मोबाइल नं :

संलग्न कागजातहरु : नागरिकता प्रमाण पत्र तथा फर्म दर्ता सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपी ।
धरौटी रकम जम्मा गरेको भौचरको सक्कल प्रति ।

नोट : खरिद गर्न चाहेको सम्पत्तिको विवरण उल्लेखित स्थानमा नअटाएमा छुट्टै पृष्ठमा उल्लेख गरि बोलपत्रसाथ संलग्न गरि पेश गर्न सकिनेछ ।

गोप्य शिलवन्दी बोलपत्रदाताले पालन गर्नु पर्ने नियम एवं शर्त सुविधाहरु

१. बिक्री गरिने सम्पत्तिहरु (घर/जग्गा) जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा स्वीकार गर्ने गरी बोलपत्र पेश गर्नु पर्नेछ।

२. बोलपत्र फाराममा आफुले लिन चाहेको सम्पत्तिहरु (घर/जग्गा) को आवश्यक विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ। दरभाउ अंक र अक्षरमा स्पष्ट लेख्नु पर्दछ। अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा अनिवार्य दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भै कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

३. बोलपत्र पेश गर्दा सबै सम्पत्तिहरु (घर/जग्गा) वा कुनै जग्गा अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।

४. बोलपत्रदाताले आफूले कबुल गरेको रकमको कम्तिमा १०% ले हुने रकम धरौटी वापत यस बैंकको खाता नं.९९९-९२६६०११०००००२ मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गर्नु पर्नेछ।

५. बोलपत्र मिति २०७८/०८/१९ गते अपरान्ह ४:३० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा, दर्ता गरि सक्नु पर्नेछ।

६. प्राप्त बोलपत्रहरु मिति २०७८/०८/२० गते यस बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा, अपरान्ह ३:०० बजे खोलिनेछ। विभिन्न सरकारी कार्यालयहरुका प्रतिनिधि, ऋणी, सम्बन्धित सम्पत्ति धनी तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ। तर, ऋणी, सम्बन्धित सम्पत्ति धनी तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परी कार्यालय बन्द रहेमा लगत्तै कार्यालय खुलेको दिन, दिनको ३:०० बजे बोलपत्र खोलिनेछ।

८. बोलपत्र फारम बुझाउँदा यो बोलपत्र फारमको हरेक पृष्ठमा दस्तखत गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ।

९. रित नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिने नदिने अधिकार बैंकको हुनेछ।

१०. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्र दातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाएपछि बैंकले तोकिएको मिति भित्र कबोल रकममा धरौटी रकम घटाइ बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्त अनुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। उपरोक्त म्याद भित्र बांकी रकम नबुझाएमा बोलपत्र रद्द गरी धरौटी रकम जफत गरिनेछ।

११. बिक्री हुने सम्पत्तिहरु (घर/जग्गा) सम्बन्धमा बुझ्नु परेमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं अथवा शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारको नियम तथा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण सरकारी दस्तुर राजश्व लगायत तिर्नु पर्ने अन्य सम्पूर्ण दै-दस्तुर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

१३. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था, भएमा दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता तथा संस्थागत प्रतिनिधित्वका लागि सञ्चालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजातहरु पेश गर्नुपर्नेछ।

१४. बोलपत्र पेश गर्दा खाम सिलबन्दी गरी बाहिर आफूले लिन चाहेको सम्बन्धित चल/अचल सम्पत्ति खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र भनि उल्लेख गर्नुपर्नेछ।

१५. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।

१६. अस्वीकृत भएका बोलपत्रदाताहरुले जम्मा गरेको धरौटी रकम यस बैंकको मेनेजर्स चेक (एकाउन्ट पेयी) मार्फत फिर्ता गरिने छ।

१७. बिक्री गर्ने भनिएका सम्पत्तिहरु एकमुष्ट रुपमा एकै बोलपत्रदातालाई वा अलग–अलग रुपमा अलग–अलग बोलपत्रदाताहरुलाई बिक्री गर्न सकिने छ।

१८. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा बिक्री गर्ने भनिएको सम्पत्तिहरु मध्ये कुनै एक सम्पत्तिको लागि मात्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।

१९. बोलपत्र स्वीकृत भएको सूचना पाएको पत्रमा दिएको समयसीमा भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।